कालिमाटी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, सल्यान

कर्णाली प्रदेश सरकार, नेपाल

प.सं. २०८०/८१ | च.नं. | मितिः–२०८०/०४/१५

## जाल दर्ता गर्ने सम्बन्धि सुचना !

यस कालीमाटी गाउँपालिका भित्र रहेका नदी तथा खोलाहरुमा माछा मार्न चाहने व्यक्तिहरुले जाल दर्ताको लागि कालिमाटी गाउँपालिकाको आर्थिक ऐन २०८० मा व्यवस्था भए बमोजिम जाल दर्ता गर्न मिति २०८० साल श्रावण मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा तपसिल बमोजिमका कागजात सहित निवेदन पेश गर्नु भै जाल दर्ताको निस्सा साथमा राखी नदी तथा खोलाहरुमा जालको प्रयोग गर्न सकिने भएकोलेसम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

पुनश्चःजाल प्रयोग गरेर वाहेक कुनै पनि तरिकाबाट माछा मार्न निषेध गरिएको छ । यदी जाल दर्ता नगरी नदी खोलाहरुबाट माछा मारेको पाईएमा पटकै पिच्छे रु १०००।, रासायनिक विषादी प्रयोग गरेको पाईएमा पटकै पिच्छे प्रति व्यक्ति रु १००००। र जैविक विषादी प्रयोग गरे वा करेन्ट वा ब्लाष्टद्वारा माछा मारेको पाईएमा पटकै पिच्छे प्रति व्यक्ति रु ५०००। जरिवाना हुने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी एवम् अनुरोध गरिन्छ ।

तपसिल

१) जाल दर्ता गरिपाउँ भन्ने निवेदन

२) नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपि वा परिचय खुल्ने कागजको फोटोकपि एक थान

३) पासपोर्ट साईजको फोटो दुई प्रति

४) जाल दर्ता दस्तुर रु ६००। बुझाई वडा कार्यालयबाट प्राप्त गरेको रसिद ।

..............................

कृष्ण प्रसाद पौड्याल

प्रमुख प्रशासकिय अधिकृत

(कृष्ण प्रसाद पौड्याल)

प्रमुख प्रशासकीय अधिकृत

सम्पर्कः ito.kalimatigaupalika@gmail.com

कालिमाटी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, सल्यान

कर्णाली प्रदेश सरकार, नेपाल

प.सं. २०८०/८१ च.नं. ३९ मितिः–२०८०/०४/१५

विषयः जाल दर्ता सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सवै ।

यस कालिमाटी गाउँपालिकाको आर्थिक ऐन २०८० मा व्यवस्था भए बमोजिम जाल दर्ता गर्ने सम्बन्धि सुचना यसै पत्र साथ पठाईएको छ । सो सुचना वडावासीहरुले थाहा पाउने गरी टाँस गर्नु हुन र सो सुचना बमोजिम निवेदन लिई आउने सेवाग्राहीको तपसिल बमोजिमका कागजात लिई भाद्र पहिलो हप्ता भित्र यस कार्यालयमा पेश गरी जाल दर्ता परिचय पत्र बनाईदिने व्यवस्था गर्नु हुन अनुरोध छ । यदी जाल दर्ता नगरी नदी खोलाहरुबाट माछा मारेको पाईएमा कालिमाटी गाउँपालिकाको आर्थिक ऐन २०८० को अनुसुचि १० मा तोकिएको जरिवाना असुल गर्नु हुन समेत अनुरोध गरिन्छ ।

तपसिल

१) जाल दर्ता गरिपाउँ भन्ने निवेदन

२) नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपि वा परिचय खुल्ने कागजको फोटोकपि एक थान

३) पासपोर्ट साईजको फोटो दुई प्रति

४) जाल दर्ता दस्तुर रु ६००। बुझाई वडा कार्यालयबाट प्राप्त गरेको रसिद ।

कृष्ण प्रसाद पौड्याल

प्रमुख प्रशासकिय अधिकृत

(कृष्ण प्रसाद पौड्याल)

प्रमुख प्रशासकीय अधिकृत

सम्पर्कः ito.kalimatigaupalika@gmail.com